बलवा नगरपालिका
Balwa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
बलवा, महोत्तरी
Balwa, Mahottari

पत्र सँख्या(Letter No.):- २०८३/०८४
चलानी न. (Ref. No):-

मधेश प्रदेश, नेपाल
(Madhesh Province, Nepal)

## हाट बजार ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०५ गते)

उपरोक्त सम्बन्धमा मिति २०८३/०४/२७ गतेको बलवा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित बजारहरुको सिलबन्दी बोलपत्र/दरभाउपत्रद्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफूले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

१. बोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्यक्ति/फर्म/संस्थाले इजाजत प्रमाणको प्रतिलिपि, पान नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२. बोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको आन्तरिक राजस्व खाता नं १२७०१००३०१०१०००२(ग-१-१) मा रु १५०० जम्मा गरी सोको भौचर वा नगद जम्मा गरेको राजस्व बिल जम्मा गरी खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलबन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३-१२७०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाउँमा जारी गरिएको बैंक ग्यारेन्टी सहित खाम बन्दी गरी पेश गर्नु पर्ने छ । उक्त बैंक ग्यारेन्टी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन सम्मको मान्य अवधी भएको हुनु पर्नेछ।

४. शिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. बोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट गरिने छ ।

८. बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्न परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन ।

११. ठेक्का स्वीकृत भए पछि सम्झौतामा उल्लेखित रकम ३ किस्तामा नगद यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

पत्र संख्या(Letter No.):- २०८३/०८४
चलानी न. (Ref. No):-

१२. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

१३. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्वीकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ । ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिइने छ । ठेक्का बन्दोबस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ ।

१४. बजार ठेक्का अवधि सम्झौता भएको मिति देखि १ (एक) वर्षका लागि कायम गरिएको छ ।

१५. बजार ठेक्काको सम्झौता भए पछि पहिलो किस्ता यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेछ र बाँकी अवधिको लागि दोस्रो र तेस्रो किस्ताको रकम वापत यस कार्यालयको नाममा सम्झौता मिति देखि १ वर्ष सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ ।

१६. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१७. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेमा ठेक्का कुनै पनि बेला तोड्न सकिनेछ ।

१८. सूचनामा उल्लेख नभएका विषय स्थानीय कानून एवम प्रचलित ऐन-कानून बमोजिम हुनेछ ।

## तपसिलः-

| सि.नं | बजारको नाम | न्युनत्तम कबोल अंक रु.(मु.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | रौजा बिरेन्द्र बजार –बलवा न.पा.११ | २०,४०,५००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |
| २ | धमौरा बजार –बलवा न.पा.१० | ४,१९,१००.०० | १५००.०० | कबोल रकमको ५ % हुने आउने रकम | |

२०८३/२/२

उमेश महतो
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत